# महालेखा परीक्षकको कार्यालय

## Office of the Auditor General

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
मेलुङ गाउँपालिका,दोलखा ।

### लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणवाट रु.३५ लाख ४६ हजार बेरुजु देखिएको छ । सो मध्ये रु.१ लाख २० हजार असूल गर्नुपर्ने, रु.८ लाख ५६ हजार नियमित गर्नुपर्ने र रु.२५ लाख ७० हजार पेश्की बाँकी रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानुन बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायब महालेखापरीक्षक

# मेलुङ गाउँपालिकाको कार्यालय
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात ९ लाख ७० हजार समेत रु. ७ करोड ६४ लाख १६ हजार आम्दानी भएकोमा रु.७ करोड २ लाख २९ हजार खर्च भई रु. ६१ लाख ८७ हजार मौज्दात रहेको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बैंक मौज्दात** - साविक ५ गाविसले २०७३ फागुन २७ गते रु.९७,७२,०९९।- बैंक मौज्दात देखिएतापनि गाउंपालिकाले रु.२,७५,४८४।- खर्चको विवरण नखुलाई गाविसहरुकै खातामा राखेको देखिएकोले उक्त रकम राजश्व दाखिला हुनुपर्दछ।

२. **आन्तरिक नियन्त्रण** - प्रचलित नियम, कानून र कार्यविधिको अधिनमा रही कार्यालयको कार्य चुस्त तथा सेवा प्रवाहलाई जनमुखी बनाउन प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली बनाउनु पर्ने व्यवस्था छ। समितिहरुको लेखापालन तथा जिन्सीको अभिलेख दुरुस्त नराखिएको र सार्वजानिक निर्माणको अभिलेखहरु पनि व्यवस्थित नराखेको, पेश्की तथा बेरुजू अभिलेख नराखेको, जिन्सी अभिलेख लगत तयार नगरेको, भुक्तानीमा कर कट्टि नगरेको, मू.अ.कर राखी योजनाको लागत अनुमान तयार गरेकोमा भुक्तानी दिंदा मू.अ.कर विजक वेगर मू.अ.कर भुक्तानी दिएको, दैनिक आय शीर्षकगत कर संकलन खातामा अभिलेख नगरेको, मोबाइल रिचार्ज कार्डको अस्वभाविक खर्च लेखेको, खरिद योजना तयार नपारेको, लागत अनुमानको दर विश्लेषण नगरेको, भ्रमण अभिलेख खाता नराखेको, भ्रमण प्रतिवेदन वेगर भ्रमण भत्ता भुक्तानी गरेको, कार्यक्षेत्र बाहिर कोठा भाडामा लिई खर्च लेख्ने गरेको, निर्माण कार्यको सार्वजनिक परीक्षण नगराएको अवस्था छ। कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्य सम्पादनलाई नियन्त्रण, मितव्ययी र पारदर्शी एवं भरपर्दो बनाउनु पर्दछ।

३. गाउंपालीकाले ३ सडक उपभोक्ता समितिलाई १ निर्माण सेवालाई रकम गर्दा मिति उल्लेख नभएको मू.अ.कर विजकवाट मू.अ.कर रु. १,०९,४३४।- समेत भुक्तानी गरेको र उक्त मू.अ.कर अन्तरिक राजश्व कार्यालयमा दाखिला भएको नदेखिएकोले असुल गरी राजश्व दाखिला हुनुपर्दछ।

४. **राजश्व दाखिला** - आयकर ऐन, २०५८ को दफा ८७ र ८८ बमोजिम कट्टा गरेको कर मध्ये साविक पवटी गाविसले सामाजिक सुरक्षा कर रु.१७६०।- वहाल कर रु.१७२०।- र अग्रीम आयकर रु.१०३०।- गरी जम्मा रु.४,५१०।-, साविक डांडाखर्क गाविसले सामाजिक सुरक्षा कर रु.१,८९०।- वहाल कर रु.९००।- र अग्रीम आयकर रु.८८९।- गरी रु.३,६७९।, साविक मेलुङ्ग गाविसको सामाजिक सुरक्षा कर रु.५५५।-, वहाल कर रु.१,०००।- र अग्रीम आयकर रु.७८०।- गरी जम्मा रु.२,३३५।- समेत रु.१०,५२४।- राजश्व दाखिला नगरेकोले असूल गरी दाखिला हुनुपर्दछ।

५. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९० अनुसार पेश्की फछ्यौट हुनुपर्दछ। समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार साविक पवटी गाविसको १२ जनाको रु.२,९०,१०३।-, साविक डांडाखर्क गाविसको २८ जनाको रु.१४,७६,७५०।-, साविक मेलुङ्ग गाविसको ८ जनाको रु.२,६५,६८५।-, साविक घ्याङसुकाठोर गाविसको ९ जनाको रु.१,८६,०००।- र साविक भेडपु गाविसको २७ जनाको नाममा रु.३,५१,५४०।- समेत रु.२५,७०,०७७।- पेश्की फछ्यौंट हुन बांकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ।

६. **जिन्सी दाखिला** - मानन्धर ट्रेड कर्न्सनबाट एक थान एन.ई.सी.प्रोजेक्टर खरिद गरी रु.४४,२४८।- खर्च लेखि डांडाखर्क मा.वि.लाई पठाएकोमा जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको।

७. **कार्यसम्पन्न प्रतिवेदन** - साविक डांडाखर्क गाविस बाट हिले मैनापोखरी स्वती वडोर चित्रे सडक डांडाखर्कलाइ भुक्तानी भएको रु.५,००,०००।- मा लागत अनुमान, बिलभरपाई, कार्यसम्पादन प्रतिवेदन समेत संलग्न नभएकोले उक्त खर्च नियमसम्मत देखिंदैन।

८. **कन्टेन्जेन्सी खर्च** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदां नं १४ (१) मा कन्टेन्जेन्सी रकम खर्च गर्दा कूल पूंजीगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाइने व्यवस्था छ। साविक डांडाखर्क गाविसले रु.१३,३९,६२०।- पूंजीगत खर्च गरेको मा रु.२१,४३३।- मात्र कन्टेन्जेन्सी खर्च पाउनेमा रु.५८,८०५।- खर्च गरेकोले बढी खर्च गरेको रु.३७,३७१।- नियमसम्मत देखिंदैन।

### बेरुजु स्थिति

यो वर्ष लेखापरीक्षणवाट रु.३५ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि पनि बेरुजु फछ्यौंट गरेको छैन। प्रारम्भिक प्रतिवेदनमा कायम बेरुजु मध्ये रु.१ लाख २० हजार असूल गर्नुपर्ने रु.८ लाख ५६ हजार नियमित गर्नुपर्ने र रु.२५ लाख ७० हजार पेश्की बांकी रहेको छ।